"स्वच्छ, सुन्दर, र समुन्नत शहर, मधेशको शान लालबन्दी नगर"

# लालबन्दी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

लालबन्दी, सर्लाही
मधेश प्रदेश, नेपाल

फोन नं.- ०४६५०११००
०४६५०१४४४
Email: maillalbandi@gmail.com
Web: lalbandimun.gov.np

## सवारी साधन भाडामा लिने सम्बन्धी सूचना

(सूचना प्रकाशन मितिः २०८३/०३/२२)

यस नगरपालिकाको कार्यालय प्रयोजनको लागि चारपाङ्ग्रे सवारी साधन (4WD जिप) थान-१ (एक) मासिक रुपमा भाडामा लिनुपर्ने भएकोले तोकिएको सर्तहरुको अधिनमा रही भाडामा दिन इच्छुक व्यक्ति, फर्म वा कम्पनीबाट यो सूचना प्रकाशन भएको मितिले ७(सातौं) दिनको कार्यालय समय भित्र रु.१०००/- (एक हजार मात्र) राजश्व दाखिला गरी प्रस्ताव फारम यस कार्यालयबाट बुझिलिइ ८(आठौं) दिनको मध्यान्ह १२:०० बजेसम्म पेश गर्नु हुन वा विद्युतिय बोलपत्र E-Bidding माध्यमबाट www.bolpatra.gov.np/egp लगईन गरी प्रस्ताव फारम दस्तुर बापतको रकम रु.१०००/- (एक हजार मात्र) यस कार्यालयको नाममा राष्ट्रिय बाणिज्य बैंक, लालबन्दी शाखामा रहेको आन्तरिक राजस्व् खाता नं. १२८०१००३०१०१०००२ मा जम्मा गरी भौचरको Scan कपी प्रस्ताव फारमका साथ संलग्न गरी मासिक कबोल रकमको **५(पाँच) प्रतिशतले** हुन आउने रकम यस कार्यालयको राष्ट्रिय बाणिज्य बैंक, लालबन्दी शाखामा रहेको धरौटी खाता नं. १२८०१००३०३००००२ मा रकम जम्मा गरेको अर्धकट्टीको सक्कल भौचर वा विद्युतिय माध्यमबाट भौचरको Scan कपी र तपसिलमा उल्लेखित सर्तहरु बमोजिमका कागजातहरु समेत संलग्न गरी प्रस्ताव पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**सवारी साधन भाडामा लिने सम्बन्धी सर्तहरु :**

१. कम्तिमा ७(सात) सिट क्षमता भएको चालु अवस्थामा रहेको 4WD भएको चारपाङ्ग्रे सवारी साधन(जिप) हुनुपर्ने।

२. ब्लुबुक नविकरण भएको र कम्तिमा तेस्रो पक्ष बिमा गरेको हुनुपर्ने।

३. सवारीधनीले सवारीचालक अनुमतीपत्र भएको चालकको व्यवस्था गर्नुपर्ने।

४. सवारीमा प्रयोग हुने इन्धन र सामान्य सर्भिसिङ्ग बापत अधिकतम त्रैमासिक रुपमा रु.१५०००/-(पन्ध्र हजार) नगरपालिकाले व्यहोर्ने तर अन्य सबैखाले मर्मत खर्च सवारीधनी स्वयंले व्यहोर्नुपर्ने।

५. मर्मत गर्नुपर्ने भई लगातार २(दुई) दिनभन्दा बढी समयसम्म सवारी उपलब्ध नभएको खण्डमा सवारीधनीले तत्काल अर्को वैकल्पिक सवारीको व्यवस्थापन गर्नु पर्ने वा सो अवधीको लागत मूल्य घटाई भुक्तानी गरिने।

६. भाडा रकम भुक्तानी गर्दा सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ र प्रचलित कानुन बमोजिम करकट्टी गरी भुक्तानी हुने ।

७. सवारी भाडा लिदा अग्रिम पेश्की उपलब्ध नगराइने।

८. सवारी चालकको खाना र वासको व्यवस्था सवारीधनीले गर्नु पर्ने।

९. अन्य आवश्यक विषयहरुका सम्बन्धमा नगरपालिकाले निर्णय गर्न सक्ने।

*पुनश्च :* सूचना प्रकाशन भएको मितिले ८(आठौं) दिनको ०२:०० बजे दर्ता भएका प्रस्तावहरु खोलिनेछ। प्रस्ताव खोलिने र दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा लगतै कार्यालय खुलेको दिनमा उक्त कार्यहरु हुनेछ। संलग्न गर्नुपर्ने कागजातको विवरण प्रस्ताव फारमका साथ संलग्न गरिएको छ।

..............................

प्रमुख प्रशासकीय अधिकृत